कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.२४/०८०/८१

आज मिति २०८१।०३।०४ गते मंगलवार दिउँसो २:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.२४/०८०/८१ (चौविसौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन् साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | Ranjit | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कुमार महतो | प्रशासन शाखा प्रमुख | | |
| २. | पुजा यादव | सहायक, पाँचौं | | |
| ३. | श्यामबाबु यादव | का.स. | | |

Scanned with CamScanner

## कलैया उपमहानगरपालिका
## नगर कार्यपालिकाको बैठक नं.२४/०८०/८१ मिति २०८१।०३।०४ गतेको एजेण्डा तथा निर्णयहरु
## छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)

**१. नगर सभा बैठक सम्बन्धमा ।**

**निर्णय :** आ.ब. २०८१/०८२ का लागि यस उपमहानगरपालिकाको तेह्रौं नगर सभा बैठक मिति २०८१ असाढ १० गते सोमबारका दिन बिहान ११:०० बजे देखि करणराज पार्टी प्यालेस, कलैया-४ मा बस्नेगरी आवहान गर्ने निर्णय गरियो ।

**२. प्रशासनिक भवन निर्माण कार्यको म्याद थप सम्बन्धमा ।**

**निर्णय :** यस कलैया उपमहानगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य (ठेक्का नं. KSMC/NCB/WORKS-13/078/079) चौधरी कन्सट्रक्सनले २०८१ ज्येष्ठ मसान्त भित्र सम्पन्न हुने गरि सम्झौता गरेको तर यस निर्माण व्यवशायीले मिति २०८१।०२।२० मा म्याद थपको लागी निवेदन दिएको र सार्वजनिक खरिद नियामावली १३ औं संशोधनको नियम १२० (क) मा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था रहेको हुँदा सार्वजनिक खरिद नियामावली १३ औं संशोधनको नियम १२०(क) मा उल्लेखित बमोजिम संशोधित कार्यतालिका तथा म्याद थपका कारण, थप आर्थिक दावी नगर्ने प्रतिवद्धता, कार्यसम्पादन जमानत, विमा र पेश्की सम्वन्धी जमानतको अवधि कायम रहने गरी म्याद थप गर्ने व्यवस्था रहेकोले निर्माण कार्य समपन्न गर्नका लागी २०८१ पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**३. बजेट नीति तथा कार्यक्रम मस्यौदा समिति सम्बन्धमा ।**

**निर्णय :** वजेट निति तथा कार्यक्रम तथा मस्यौदा समिति तपसिल वमोजिम गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. श्री नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. श्री प्रहलाद वर्णवाल | उप-सचिव | सदश्य |
| ३. श्री दिव्या सर्राफ | लेखा.अधिकृत | सदश्य |
| ४. श्री शैलेश कुमार महतो | प्रशासन शाखा प्रमुख | सदश्य |
| ५. श्री सुनिल प्रसाद यादव | अधिकृत छैठौं | सदश्य |
| ६. श्री प्रभात कुमार वर्मा | सुचना अधिकृत छैठौ | सदश्य |
| ७. श्री पुजा यादव | सहायक पाँचौ | सदश्य |

**४. क्रिकेट खेलाडी श्री अनिल साहको सम्मान सम्बन्धमा ।**

**निर्णय :** किकेट टि-२० वल्र्ड कप २०२४ मा भएको [illegible]लमा यस कलैया उपमहानगरपालिका, बाराका राष्ट्रिय खेलाडी श्री अनिल साहलाई मिति २०८१ अ[illegible]ढ १० गते हुने नगर सभामा रु.१,०१,०००।- नगद सहित सम्मान गर्ने निर्णय गरियो ।

**५. कर्मचारी पुरस्कार सिफारिस समिति सम्बन्धमा ।**

**निर्णय** : २०८१ असाढ १० गते हुने नगर सभामा यस उपमहानगरपालिका अन्तरगतका उत्तकृष्ठ कर्मचारी पुरस्कार सिफारिसका लागि तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ श्री रौशन परविन | नगर उप-प्रमुख | संयोजक |
| २. श्री अशोक तिवारी | वडा अध्यक्ष व.वडा नं. २७ | सदश्य |
| ३. श्री पुरुषोत्तम सिंह पाण्डेय | वडा अध्यक्ष व.वडा नं. ९ | सदश्य |
| ४. श्री धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष व.वडा नं. २६ | सदश्य |
| ५. श्री दिपेन्द्र महतो | वडा अध्यक्ष व.वडा नं. १७ | सदश्य |
| ६. श्री चन्दन पटेल | वडा अध्यक्ष व.वडा नं. २५ | सदश्य |
| ७. श्री उदित कुमार साह कानु | कार्यपालिका सदश्य | सदश्य |
| ८. श्री नाथु साह | प्रमुख प्रशासकिय अधिकृत | सदश्य |
| ९. श्री शैलेश कुमार महतो | प्रशासन शाखा प्रमुख | सचिव |

**६. वडा नं.२ को ऐलानी जग्गा सम्बन्धमा ।**

**निर्णय** : कलैया उपमहानगरपालिका साविक गा.वि.स. दोहरी वडा नं.३ हाल कलैया उपमहानगरपालिका वडा नं.२ कवलपुरमा रहेको कि.नं.१२७ ज.वि. ३-०-० ऐलानी जग्गा केहि व्यक्तिहरुले वल जवरजस्ती जोतभोग गर्दै आएकोले सो ऐलानी जग्गा नाप जाँच गरी जग्गा छुट्याई ऐलानी जग्गामा आँपको वृक्षारोपन गर्ने निर्णय गरियो ।

**७. अगामि आ.व.का लागि जिन्सी खरिद हुने सामाग्रीको सुचना सम्बन्धमा ।**

**निर्णय** : अगामी आ.व. मा जिन्सी सामाग्री खरिदका लागी यस आ.व.मा खरिद भए वमोजिम तपसिलका जिन्सी सामाग्रीहरु खरिद गर्न सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | विवरण | लगत अनुमान |
|---|---|---|
| १ | हार्डवेयर खरिद | ३५,००,०००।- |
| २ | स्टेशनरी | ३०,००,०००।- |
| ३ | छपाई | २०,००,०००।- |
| ४ | कम्प्युटर, प्रिन्टर | १५,००,०००।- |
| ५ | फर्निचर | ३५,००,०००।- |
| ६ | पोलवत्ति (सडक वत्ति) | १,००,००,०००।- |

CamScanner

**८. श्री ३ चन्द्र माध्यमिक विधालयको शौचालय निर्माणको लागी अनुमति सम्बन्धमा ।**

**निर्णय :** श्री ३ चन्द्र माध्यमिक विधालय, कलैया उपमहानगरपालिका वडा नं. १ मा प्रदेश सरकारबाट पछाडी पटीको भवनको दक्षिण क्षेत्रमा बनाईएको शौचालयको छाना कर्कट पाता भएकोले संचालनमा भएता पनि द-अग्रवाल फाउण्डेशनबाट तिन तल्ले भवन निर्माण भईरहेकोले सो शौचालयलाई पनि तिन तल्ले निर्माण गर्न द-अग्रवाल फाउण्डेशनले सोही जग्गामा बनाउने भएको हुदाँ सो शौचालय भत्काई नयाँ शौचालय निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।

**९. वडा स्तरीय योजना सम्बन्धमा ।**

**निर्णय :** आ.ब. २०८०/०८१ म वडाबाट सामुदायिक विधालयहरुमा शिक्षक तथा कर्मचारीको व्यवस्थापनको लागी विनियोजित गरेको वजेट शिक्षक तथा कर्मचारीको हाजिरी, वडा समितिको नियुक्ति र विधालयको निर्माण समेत फईल पेश भई आएमा निकाशा दिने निर्णय गरियो । साथै आ.ब. २०८१/०८२ मा शिक्षा नियामावली २०५९ कलैया उपमहानगरपालिकाको शिक्षा नियमावली २०७४ र तोकिएको मापदण्ड र कार्यविधि वमोजिम प्रक्रियागत रुपमा नियुक्त भई आएमा मात्र निकाशा दिने निर्णय गरियो ।

**१०. प्रादेशिक आयुर्वेद चिकित्सालयको लागी जग्गा सम्बन्धमा ।**

**निर्णय :** प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकिल्सालय कलैया, बाराले मिति २०८१।०३।०२ गते यस कार्यालयमा चिकित्सालयको लागी जग्गा सम्वन्धमा पेश गरेको निवेदन बमोजिम मदेश प्रदेश सरकारको निति अनुसार आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरुलाई १० वेडको ईन्डोर सेवामा परिणत गर्दै जाने लक्ष्य अनुरुप चालु आ.व.मा दुईवटा भौतीक पूवाधार निर्माणका लागी आवश्यक पर्ने जग्गा यहाँ नरहेको हाल यस चिकित्सालयबाट संचालनमा रहेको सेवाहरु जस्तै ओ.पि.डी., डिस्पेन्सरी, पंचकर्म अन्तरगत पूवकर्म सेवा, सुविधा सम्पन्न ल्याव सेवा, होमियो पैथिक चिकित्सा सेवा, औषधि निर्माणशाला, योगाभ्यास हल, स-शुल्क फार्मेसी, प्रशासभिक कार्य, लेखा आदि लगायत सेवाहरु संचालनमा कोठाहरुको अभाव रहेकोले स्तरीय सेवाहरु जनसमुदाय तथा सेवाग्राहीहरुलाई पुर्याउन साह्रै कठिनाई हुन आएकोले यस उपमाहानगरपालिका वडा नं. २ अवधापुर स्थित रहेको एलानी जग्गा मध्ये मम्तिमा १०-१२ कठ्ठा उपलब्ध गराईदिन माग गरेकोले यस कलैया उपमहानगरपालिका वडा नं.२ अवधापुर स्थित रहेको ऐलानी जग्गा मध्ये १० कठ्ठा जग्गा उपलब्ध गराउने निर्णय गरियो ।



Scanned with CamScanner